निर्णयहरू:-

१. कोभिड-१९ संक्रमणको जोखिम यथावत नै रहेको र संक्रमितहरूको संख्या समेत बढ्दै गएको सन्दर्भमा स्वास्थ्य सुरक्षाका मापदण्डहरू अनिवार्यरूपमा पालना गर्न, गराउन सबैमा अपील गर्ने ।

२. सबै स्थानीय तहहरूले आफ्नो पालिका अन्तर्गतका विद्यालयहरूमा स्वास्थ्य सुरक्षाका मापदण्डहरू अवलम्बन गरी पठनपाठन गर्ने एवं स्वास्थ्य संवेदनशीलता र जोखिम आँकलन गरी यस शैक्षिक शत्रको परीक्षा यथाशीघ्र सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

३. कोभिड-१९ संक्रमणको जोखिमलाई मध्यनजर गर्दै संक्रमितहरूको उपचारलाई थप व्यवस्थित, छिटोछरितो एवं प्रभावकारी तुल्याउन हेटौडा अस्पतालको २/३ कि.मि. परिधिभित्र आइसोलेसन वार्ड सञ्चालन गर्ने सम्बन्धमा सम्भावित स्थानहरूको पहिचान एवं आवश्यक सामग्रीहरूको व्यवस्थापनका लागि देहायबमोजिमको एक Task Force गठन गर्ने । सो Task Force ले ७ (सात) दिनभित्र सम्भावित स्थानहरूको पहिचान गरी वैकल्पीक योजना सहित आवश्यक सामग्रीहरूको विवरण तयार गरी जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रमा पेश गर्ने ।

| | | |
|---|---|---|
| डा. | श्री सागर काफ्ले, हेटौडा अस्पताल | - संयोजक |
| प्रशासकीय अधिकृत | श्री देबचन्द्र गतौंला, जिल्ला प्रशासन कार्यालय, मकवानपुर | - सदस्य |
| जनस्वास्थ्य निरीक्षक | श्री भौला चौलागाई, हेटौडा उ.म.न.पा. | - सदस्य |

४. होटल, रेष्टुरेन्ट तथा लजहरूले अनिवार्यरूपमा स्वास्थ्य सुरक्षाका मापदण्डहरू पालना गरी गराई व्यवसाय सञ्चालन गर्ने र रात्रीकालीन समयमा सञ्चालन हुने होटल तथा रेष्टुरेन्टहरू रातको ९:०० बजेसम्म मात्र खुला राख्ने । यस सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, मकवानपुरले अनुगमन गरी जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रमा विवरण पेश गर्ने ।

५. पार्टी प्यालेसहरूमा आयोजना हुने कार्यक्रमहरूमा मानिसहरूको भिडभाड बढी हुने र सोही स्थानबाट संक्रमण फैलिनसक्ने सम्भावना उच्च रहेको हुँदा पार्टी प्यालेस सञ्चालकहरूले बढी भिडभाड हुन नदिने व्यवस्था मिलाउने र अनिवार्यरूपमा स्वास्थ्य सुरक्षाका मापदण्डहरू पालना गर्ने, गराउने । यसमा मकवानपुर उद्योग वाणिज्य संघले आवश्यक सहजीकरण गर्ने ।

६. कोभिड-१९ संक्रमणको सम्भावनालाई मध्यनजर गर्दै सबै स्थानीय तहहरू एवं मकवानपुर उद्योग वाणिज्य संघले नियमित चेतनामूलक सन्देशहरू प्रचार-प्रशार गर्ने, गराउने ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी